कोष सञ्चालक समितिको मिति २०७९/१२/१६ को निर्णयबाट कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम १३ मा भएको व्यवस्था अनुरुप कोषको सेवामा नयाँ नियुक्तिका लागि चाहिने न्यूनतम शैक्षिक योग्यताको विषय देहाय बमोजिम तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**(क) प्रशासन तर्फ :**

| क्र.स. | तह | पद | न्यूनतम् शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| १ | नवौं | बरिष्ठ प्रबन्धक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर उत्तीर्ण वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ७ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| २ | आठौं | प्रबन्धक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर उत्तीर्ण वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ३ | आठौं | प्रबन्धक (कानून) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ४ | सातौं | उप प्रबन्धक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ५ | सातौं | उप प्रबन्धक (कानून) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून वियषमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ६ | सातौं | उप प्रबन्धक (चार्टड एकाउन्टेन्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउन्टेन्सी उपाधि प्राप्त गरेको र कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको तथा कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ७ | सातौं | उप प्रबन्धक (वित्त विश्लेषक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकाय अन्तर्गत लेखा वा वित्तशास्त्र विषय वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ८ | छैठौं | सहायक प्रबन्धक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको। |
| ९ | छैठौं | सहायक प्रबन्धक (कानून) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून वियषमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको। |
| १० | पाँचौं | प्रमुख सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको। |
| ११ | चौथो | सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई ) वा सो सरह उत्तीर्ण गरेको। |

(ख) प्राविधिक तर्फ :

| क्र.स. | तह | पद | शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|
| १ | नवौं | बरिष्ठ प्रबन्धक (सूचना प्रविधि) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त गरी सूचना प्रविधि संग सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ७ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| २ | नवौं | बरिष्ठ प्रबन्धक (सिभिल ईन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक गरी सिभिल इन्जिनियरिङ्ग संग सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा ७ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ३ | आठौं | प्रबन्धक (सूचना प्रविधि) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त गरी सूचना प्रविधि संग सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ४ | आठौं | प्रबन्धक (सिभिल ईन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक गरी सिभिल इन्जिनियरिङ्ग संग सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा पाँच वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ५ | सातौ | उप प्रबन्धक (सूचना प्रविधि) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ्ग विषयमा स्नातक गरी सूचना प्रविधि संग सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ६ | सातौं | उप प्रबन्धक (सिभिल ईन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक गरी सिभिल इन्जिनियरिङ्ग संग सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको। |
| ७ | छैठौं | सहायक प्रबन्धक (कम्प्युटर इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग वा ईलेक्ट्रोनिक इन्जिनियरिङ्ग वा ईलेक्ट्रोनिक एण्ड कम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको। |
| ८ | छैठौं | सहायक प्रबन्धक (सिष्टम) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको। |
| ९ | छैठौं | सहायक प्रबन्धक (सिभिल ईन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको। |